आज मिति २०७९।१०।१९ गते बिहीवारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को १२ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जनकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. साना सिंचाई कार्यक्रम कार्यान्वयन सम्बन्धि नमुना निर्देशिका स्वीकृत गर्ने ।
३. सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त पत्रको सम्बन्धमा ।
४. आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
५. एम्बुलेन्स चालक शंकर बि.क.को तलव सम्वन्धमा ।
६. त्रियुगा निर्माण प्रा.लि.को माग सम्वन्धमा ।
७. साविक बेल्टार गा.वि.स. खानेपानी उपभोक्ता समितिको माग सम्बन्धमा ।
८. भूउपयोग ऐन, २०७६ बमोजिम जग्गा वर्गीकरण सम्बन्धमा ।
९. नगर क्षेत्रमा सञ्चालित विभिन्न संस्था तथा समितिहरको पुन: गठन सम्बन्धमा ।
१०. नगरपालिका र हेफर इन्टरनेशनल नेपाल वीच भएको सम्फौता अनुमोदन सम्बन्धमा ।
११. औषधी उपचार आर्थिक सहयोग सम्वन्धमा ।
१२. शुभप्रभात एण्ड प्रतिमा निर्माण सेवा राजविराजको ठेक्का सम्भौता गर्ने सम्बन्धमा ।
१३. वातावरणीय अध्ययन कार्यसूति (TOR) स्वीकृत गर्ने सम्बन्धमा ।
१४. निर्माण सामग्री (ढुंगा,गिट्टी,वालुवा) को उत्खनन, संकलन गर्न अनुमति दिने सम्बन्धमा ।
१५. राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण गर्ने सम्वन्धमा ।
१६. राष्ट्रिय महिला ह्याण्डबल प्रतियोगिता सञ्चालनको लागि थप रकम सम्बन्धमा ।
१७. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।
१८. बहुक्षेत्रीय पोषण कार्यक्रम अनुमोदन सम्वन्धमा ।
१९. सडक बोर्ड नेपाल अन्तर्गतको योजना छनौट सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

### निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा १ नं. प्रदेश सरकार खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालयबाट नमुना निर्देशिका तयार भई साना सिंचाई कार्यक्रम लागूभएका स्थानीय तहहरुले उक्त नमुना बमोजिम पालिका आफैले निर्देशिका तयार गरी लागू गर्न परिपत्र गरेको हुँदा यस चौदण्डीगढी नगरपालिकाको साना सिंचाई सम्बन्धि निर्देशिका, २०७९ स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल काठमाण्डौको च.नं. ७०१ मिति २०७९।०९।२५ गतेको प्रप्त पत्र अनुसार यस नगरपालिकाको १२ औं नगर सभाबाट चालु आ.ब.२०७९/८० को लागि स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको स्थानीय पूर्वाधार सम्बन्धि नीतिको बुँदा नं. ५ मा नगर सभाबाट स्वीकृत दश लाख वा सो भन्दा माथिका पूर्वाधार तर्फका योजना तथा कार्यक्रमहरु ठेक्का प्रक्रिया मार्फत सन्चालन गर्ने र ठेक्का प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउनका लागि लागत अनुमानको १० प्रतिशत भन्दा घटीमा पेश भएका ठेक्का स्वीकृत नगर्ने लेखिएकोमा उक्त बिषयमा सावजनिक खरिद अनुगमन कार्यालयमा गुनासो दर्ता भई उक्त कार्यालयले नेपालको संविधानको धारा २१४ को उपधारा (१) मा "स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाँउ कार्यपालिका वा नगरपालिकामा निहित रहनेछ" भन्ने व्यवस्था रहेकोले नगरसभाबाट स्वीकृत उक्त बुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ७४ को उपदफा (३) को प्रावधान बिपरित रहेको हुँदा प्रचलित खरिद कानूनको प्रावधान प्रतिकूल नहुने गरी गर्नुहुन भनि मिति २०७९।०९।०२ को सचिवस्तरीय निर्णय भई आएको हुँदा नगरसभाबाट स्वीकृत भई कार्यान्वयन हुन बाँकी रहेका दश लाख वा सो भन्दा माथिका योजना तथा कार्यक्रमहरुको हकमा १० प्रतिशत भन्दा
अनिर्वाय हुनु नपर्ने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस यस नगरपालिकाको विभिन्न वडामा बस्ने व्यक्तिहरुलाई विपद्जन्य क्षतिको राहत र अशक्त अपाङ्गता तथा विपन्न सहायताको लागि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा यस नगरपालिकाको स्वीकृत कार्यक्रमहरु मध्ये उपर्युक्त शीर्षकबाट तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि.नं. | नाम,थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुजित खतिवडा | वडा नं. ६ | २०,०००।- | अतिविपन्न (दृष्टी विहिन) |
| २ | भविन्द्र वि.क. | वडा नं. ६ | २५,०००।- | अतिविपन्न (घरेलु गलैचा उत्पादन सहयोग) |
| ३ | फुलसरी राई | वडा नं. ५ | २०,०००।- | हात्तिको क्षति |
| ४ | बिरेन्द्र प्रसाद वास्तोला | वडा नं. ५ | १०,०००।- | हात्तिको क्षति |
| ५ | बन्दना आचार्य | वडा नं. ५ | १०,०००।- | हात्तिको क्षति |
| ६ | टंक बहादुर विष्ट | वडा नं. ९ | २०,०००।- | आगलागीबाट किचनघर पूर्णक्षती |
| ७ | वीरजंग राई | वडा नं. ४ | २००,०००।- | आगलागीबाट घर पूर्णक्षती |
| | जम्मा | | ३,०५,०००।- | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको १ नं. वडा कार्यालयको च.नं. ४०८ मिति २०७९।०९।२९ गतेको सिफारिस पत्र अनुसार उक्त वडामा सञ्चालित एम्बुलेन्स यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९।०७।२० गतेको निर्णय बमोजिम नगरपालिकाबाटै सञ्चालन हुने गरी पठाएको र उक्त एम्बुलेन्स चालक शंकर वि.क. को मिति २०७९।०७।२० देखि २०७९।०९।१२ सम्म तलबभत्ता भुक्तानी दिन बाँकी रहेको भनि लेखि आएको हुँदा निजले साविकमा खाईपाई आएको मासिक तलब रु.१०,०००।- का दरले हुने १ महिना २२ दिनको जम्मा तलब रकम रु.१७,३३३।- मात्र यस नगरपालिकाको करार सेवा शुल्कबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको ठेक्का नं. **CGM/UDA/NCB/02/075-076 Construction of ward building in ward no. 2** को ठेक्का पाएको त्रियुगा निर्माण सेवा प्रा.लि. चौ.न.पा. ५ र यस नगरपालिका कार्यालय वीच ठेक्का सम्झौता भई वडा कार्यालय भवन निर्माण कार्य समेत शुरुभएको अवस्थामा जिल्ला वन कार्यालयमा उजुरी परी निर्माण कार्य रोकिएको र उक्त भवन निर्माण कार्यको लागि निर्माण स्थलमा झारेको कंरिब १५ लाख बराबरको निर्माण सामग्रीहरु नष्ट भएर गएको हुँदा क्षतीपूर्ति उपलब्ध गराई पाँउ भनि ठेकेदार सन्तोष बस्नेतले निवेदन दिनु भएको हुँदा सो सम्बन्धमा नगरपालिकाबाट स्थलगत अनुगमन गरी आगामी बैठकमा आवश्यक निर्णयार्थ पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १,२,८,७ र ६ का उपभोक्तहरुले उपभोग गरिरहेको साविक बेल्टार गा.वि.स. खानेपानी उपभोक्ता समितिकोमा बमोजिम उक्त खानेपानी मर्मत तथा व्यवस्थापनको लागि सम्बन्धित निकायहरुमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाबाट निर्णय भई न.पा.का १० वटै वडाहरुबाट जग्गाको वर्गीकरण गरी पेश गर्न पत्राचार गरिएकोमा वडाहरुबाट उक्त कार्य सम्पन्न भई आउन ढिला भएको हुँदा मिति २०७९ साल माघ मसान्त भित्र अनिवार्य रुपमा वर्गीकरण गरी नगरपालिकामा पेश गर्न सबै वडा कार्यालयहरुलाई आदेश दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालित खानेपानी, सिंचाई, सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, सहकारी संस्था जस्ता सामुहिक र सामाजिक उत्तरदायित्व बोकेका सबै समितिहरुको विधानतः समयावधी सकिएको भए त्यस्ता म्याद गुर्जेका सबै समितिहरुलाई मिति २०७९ साल माघ १५ गते सम्ममा हरहिसाव फरफारक सहित समिति पुनः गठनको लागि समय दिने र उक्त मिति सम्म पनि पुनः गठन नभएमा त्यस्ता समितिहरु स्वतः खारेजी हुने र त्यो संस्था वा समिति वडाको जिम्मा आउने र वडाले आवश्यक प्रकृया पुरागरी नियमित गर्ने गराउने भनि यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९।०९।२४ गतेको बैठकबाट निर्णय भएकोमा उक्त समय सम्म धेरै जसो संस्था समुहहरु पुनः गठन भएको र केही ठुला तथा अन्य कारणबाट पुनः गठन हुन नसकेका संस्था समितिहरुले केही समय थप गरिदिन माग गरेको हुँदा पुनः गठन हुन बाँकी सबै संस्था तथा समुहहरुलाई मिति २०७९ साल माघ मसान्त सम्मको लागि अन्तिम पटक म्याद थप गर्ने र सो समय सम्म पनी पुनः गठन नगरेमा यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९।०९।२४ गतेको निर्णय बमोजिम गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको १२ औं नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रम साथै यस नगरपालिकाको साझदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९ बमोजिम यस नगरपालिकाको कृषि तथा पशु तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता कार्यक्रम सञ्चालन सम्बन्धमा यस चौदण्डीगढी नगरपालिका र हेफर इन्टरनेश्नल नेपाल, साझेदार संस्था विकास सहजिकरण सञ्जाल उदयपुर वीच मिति २०७९।१०।१६ गते भएको सम्झौता अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा बसोबास गर्ने व्यक्तिहरुको औषधी उपचार आर्थिक सहयोगको लागि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा यस न.पा.को स्वास्थ्य उपचार राहत कोष कार्यविधि, २०७६ बमोजिम तपसिल अनुसारको औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| क.स | नम थर | उमेर | लिङ्ग | वडा | रोगको किसिम | सहयोग रकम | मोबाइल नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | दिल कुमारी राई | ४७ | म. | ८ | ग्यास्टिक अल्सर | ५००० | | |
| २. | श्रद्धा राई | ११ | म. | ३ | मृगौला रोग | १५००० | | |
| ३. | विनोद कटुवाल | २९ | पु. | २ | टाउको चोट | २०००० | ९८१७३२०३०१ | |
| ४. | पवित्रा कुमारी कार्की महतरा | | म. | १० | पाठेघरको क्यान्सर | २५००० | | |
| ५. | भुवानी थापा | ६२ | म. | ९ | फोक्सो क्यान्सर | २५००० | ९८४२८३८६९७ | |
| ६. | रमिता खड्का | ३३ | म. | ६ | हाइपोट्रोफि | १५००० | | |
| ७. | विवेक परियार | २१ | पु. | ९ | मृगौला रोग | २५००० | | |
| ८. | ब्रिरेन्द्र प्रमाद मिंह चौधरी | ७२ | पु | १ | पार्किंशोनिजाम रोग | १०००० | ९८०३५४८१९८ | |
| ९. | मुमित्रा राई | ३१ | म | ३ | मुटु रोग | २५००० | | |
| १० | भुटन मादा | ४५ | पु | १० | हेडइन्जुरी | २५००० | ९८२५८३४९५३ | |
| ११. | मुमित्रादेवी चौधरी | ३१ | म. | | मास्तिस्क जाच | २५००० | ९८२३८७२५४७ | |
| १२. | पद्मा कुमारी राई | | म. | ३ | क्यान्सर | २५००० | ९८०७७८४३७२ | |
| | जम्मा | | | | | २,४०,०००।- | | |

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाबाट मिति २०७९।०९।०४ गते तेश्रोपटक प्रकाशन गरिएको बोलपत्र आह्वानको सूचना बमोजिम ठेकेदार कम्पनी श्री शुभप्रभात एण्ड प्रतिमा निर्माण सेवा राजविराज न.पा. ९ ले ठेक्का नं. ७/०७९/८० (ग्रावेल/ढुंगा) तर्फको ठेक्का रु.१,०६,२५,०००।- (एक करोड छ लाख पच्चिस हजार) मा कबोल गरेको र उक्त ठेक्का सम्झौता (कबुलियतनाम) का लागि ठेक्का कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम रु.४२,५०,०००।- यस नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गरेको र सो को १३ प्रतिशत भ्याट रकम रु.५,५२,५००।- आन्तरीक राजश्व कार्यालयमा जम्मा गरेको भौचर र बाँकी रकमको हकमा सनराईज बैंक लि. शाखा कार्यालय राजविराजले जारी गरेको मिति २०८०।०३।१५ सम्म म्याद भएको रु.५३,००,०००।- को बैंक जमानत र थप रकम रु.१०,७५,०००।- समेत यस नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गरेको भौचर संलग्न राखी आवश्यक कागजात सहित रितपूर्वक निवेदन पेश गरेको हुँदा नेपाल सरकारबाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९" (दोश्रो संशोधन) मा भएको व्यवस्था बमोजिम कार्यान्वयन गर्ने गराउने गरी ठेक्का परिमाण भित्रको निर्माण सामग्री उत्खनन्, संकलन तथा विक्रि निकासी गर्नको लागि मिति २०८० साल जेष्ठ मसान्त सम्म म्याद हुने गरी ठेक्का सम्झौता गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०७९।१०।१५ गतेका दिन श्री इम्यजिनेटिभ इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. बेलका ५ ले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेका नम्बरी/ऐलानी जग्गा धनिहरुको वातावरण संरक्षण नियमावली, २०७७ को दफा ५ को उपदफा १ बमोजिम खण्ड ख अन्तर्गत पर्ने अनुसूचि ८ मा आधारित पेश हुन आएको तपसिल बमोजिमको वातावरणीय अध्ययन कार्यसूचि **Terms of Reference for Initial Envronment Examination (TOR)** स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल :-

| सि.नं. | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल | वडा | बि/रो | प्रस्तावक | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | कुमार बहादुर राई | ५/ग/११ | ०-५-६ | १ | बिगाहा | बाहिङ्ग कन्स्ट्रक्सन प्रा.लि., धरान, सुनसरी | |
| २ | तुलसी खड्का | ६/घ/१० | ६-६-०-३ | १ | रोपनी | | |
| ३ | चन्द्रमान राई | ५/ग/१० | ५-२-१-१ | १ | रोपनी | | |
| ४ | गणेश बहादुर कार्की | ९/ठ/२४ र २५ | ०-१०-६ र ०-५-६ | २ | बिगाहा | | |
| ५ | हर्क बहादुर राई | ५/ग/१५ | २-९-०-३ | १ | रोपनी | राउत कन्स्ट्रक्सन गाईघाट, उदयपुर | |
| ६ | केदार राई | ५/ग/१६ | ०-१३-३-३ | १ | रोपनी | | |
| ७ | नबिन राई | ५/ग/१७ | ०-१३-३-३ | १ | रोपनी | | |
| ८ | ललित बहादुर राई | ५/ग/१८ | ०-१३-३-३ | १ | रोपनी | | |
| ९ | टेक बहादुर खड्का | ९/ज/१ | ०-१२-० | २ | बिगाहा | चौदण्डी कन्स्ट्रक्सन | |

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) बमोजिम नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्रि निकासी गर्ने सम्बन्धमा पहिलो, दोश्रो र तेश्रो गरी तीन पटकसम्म सार्वजनिक सूचना मार्फत बोलपत्र आह्वान गर्दा समेत केही नदी तथा खोलाहरुको मात्र ठेक्का लागेको हुँदा नगरपालिकाबाट IEE स्वीकृत भई ठेक्का नलागेका नदि तथा खोलाहरुबाट निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्रि निकासी गर्नका लागि इच्छुक भई कुनै पनि निर्माण कम्पनी, आयोजना तथा फर्महरुबाट रितपूर्वक रुपमा माग भई आएमा सम्बन्धित निर्माण सामग्रीको १ नं. प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७९ को अनुसूची ४ बमोजिमको दररेटमा यस नगरपालिकामा राजश्व जम्मा गरी नेपाल सरकारबाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९" (दोश्रो संशोधन) समेतको दफा १२ बमोजिम बाहिर समेत बिक्रि निकासी हुने गरी प्रचलित कानुन र नियमानको अधिनमा रही नियमानुसार अनुमति दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाको आन्तरीक आयमा वृद्धि तथा सन्तुलित व्यवस्थापनको लागि राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण गर्न आवश्यक देखिएको हुँदा चालु आ.ब.मा नगरसभाबाट राजश्व शाखातर्फ विनियोजित बजेट तथा कार्यक्रम मध्ये उपयुक्त शीर्षकबाट लागत खर्चको भुक्तानी गर्ने गरी सेवा प्रदाक संस्थाहरुमार्फत यस नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपणको कार्य गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाको नगर खेलकुद विकास समितिको आयोजना र यस नगरपालिकाको आर्थिक सहयोगमा मिति २०७९ साल फाल्गुण २ गते देखि वडा नं. ६ मा रहेको समावेशी खेलमैदानमा राष्ट्रिय महिला ह्याण्डबल प्रतियोगिता सञ्चालन हुने र उक्त प्रतियोगिताको लागि नगर सभाबाट रु.६,००,०००।- बजेट विनियोजन भएकोमा उक्त रकमले मात्र प्रतियोगिता सञ्चालन गर्न बजेट अपुग हुने भएकोले खेलकुद तर्फको तपलि बमोजिमको शीर्षकबाट संशोधन गरी रु.२,००,०००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| साविक शीर्षक र रकम | संशोधित शीर्षक र रकम | संशोधनको कारण |
|---|---|---|
| अन्तर पालिका तथा जिल्लामा हुने खेलहरुमा टिम सहभागीता खर्च रु.५,००,०००।- | राष्ट्रिय ह्याण्डबल प्रतियोगिता रु.२,००,०००।- | राष्ट्रिय महिला ह्याण्डबल प्रतियोगिता सञ्चालन गर्न बजेट अपुग हुने भएकोले । |
| | अन्तर पालिका तथा जिल्लामा हुने खेलहरुमा टिम सहभागीता खर्च रु.३,००,०००।- | |

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकाले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम प्रारम्भिक नतिजा ६९ अंक प्राप्त भएकोमा जिल्ला समन्वय समितिबाट पृष्टपोषण सहितको अन्तिम नतिजा ६६.५ प्राप्त भएको हुँदा उक्त अंक अनुमोदन गर्ने साथै मूल्याकनको क्रममा राम्रो देखिएका सूचकहरुलाई यथावत कायम राख्दै कम्जोर देखिएका सूचकहरुलाई सुधार गर्न आवश्यक कार्ययोजना समेत तयारी गरी आगामी दिनमा बढी अंक प्राप्त हुने गरी कार्यसम्पादन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७९।०९।२६ गते बसेको बैठकले तयार गरी अनुमोदनको लागि पेश गरेको तपसिल बमोजिमको बहुक्षेत्रीय पोषण योजना एकीकृत बार्षिक कार्यक्रम अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि न | विषयगत क्षेत्र | क्रियाकलापहरु | ईकाइ | प्रतिईकाइ मुल्य | | जम्मा रकम | नेपाल/प्रदेश/स्थानीय सरकार |
|---|---|---|---|---|---|---|---|
| | १. शासकीय प्रवन्ध क्षेत्र जम्मा: ६,०५,००० | | | | | | |
| १.क | प्रशासकीय प्रबन्ध | नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | पटक | २ | ३५००० | ७०००० | नेपाल सरकार |
| ख | | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | पटक | २० | १०००० | २००००० | नेपाल सरकार |
| ग | | बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक समिक्षा | पटक | १ | २६५०० | २६५०० | नेपाल सरकार |
| घ | | पोषण सहजकर्ता पारिश्रमिक, सञ्चार तथा पोषाक | ल.स. | | | ३०८५०० | नेपाल सरकार |
| | २.शिक्षा रु १९२५०० | | | | | | |
| २.क | शिक्षा | विद्यालयका छात्र, छात्राहरुलाई व्यक्तिगत सरसफाइ तथा हातधुने तरीकाबारे अभिमुखिकरण | पटक | २ | २५००० | ५०००० | नेपाल सरकार |
| २.ख | | पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई आयोजना निर्माण वा मर्मत सम्भार, ज्योति मा.वि. बेल्टार ,उदयपुर गत आ.व. २०७८/०७९को भुक्तानी बाँकी | | | | १४२५०० | नेपाल सरकार |
| | ३.महिलाबालबालिका क्षेत्र जम्मा: रु ६२५००० | | | | | | |
| ३.क | महिलाबालबालिका | पोषण सुधारकालागि विपन्नमहिला सहकारी वा समुहमा आयआर्जनका लागि अनुदान | सहकारी संस्था | १ | ६२५००० | ६२५००० | नेपाल सरकार |
| | ४.कृषि विकास क्षेत्र जम्मा: ७०००० | | | | | | |
| ४.क | कृषि विकास | पोषणयुक्त स्थानीयबालीहरुको संरक्षण , प्रवर्धन तथा उत्पादन गर्न नमुना कृषकहरुलाई क्षमता बृदि तालिम र सिड किट वितरण | पटक | २ | ३५००० | ७०००० | नेपाल सरकार |
| | ५.पशुपंक्षी विकास क्षेत्र जम्मा: ५०००० | | | | | | |
| ५.क | पशुपंक्षी विकास | अतिविपन्न सुनौलो १००० दिनकाआमाहरुलाई पशुपंक्षीपालन र यसको महत्वबारे तालिम सञ्चालन गर्ने | पटक | २ | २५००० | ५०००० | नेपाल सरकार |
| | ६. खानेपानी तथा सरसफाई जम्मा: ५०००० | | | | | | |
| ६.क | खानेपानी तथा सरसफाई | सुनौलाहजार दिनका आमाहरुलाई पुर्ण सरसफाई र पोषणको महत्वबारे अभिमुखिकरण / तालिम | पटक | २ | २५००० | ५०००० | नेपाल सरकार |
| ७.क | उपमेरसँग सुत्केरी भेटघाट तथा कोशेली कार्यक्रम रु १२५०००० | | न.पा. भरी | | | ११५०००० | नेपाल सरकार |
| ७.ख | सुत्केरी कोशेली वितरण गर्दा फिल्ड खर्च | | न.पा. भरी | | | १००००० | स्थानीय सरकार |
| | ८. स्वास्थ्य क्षेत्र (पोषण विशेष) जम्मा: १५०००० | | | | | | स्थानीय सरकार |
| ८.क | स्वास्थ्य क्षेत्र | पोषण सामग्री ढुवानी | ओ.टी.सी | १ | ३०००० | ३०००० | नेपाल सरकार |
| ८.ख | स्वास्थ्य क्षेत्र | ओ.टि.सी. सुद्धिढीकरण, पोषणको लेखाजोखा महिला स्वयंमसेविका तथा स्वास्थ्यकर्मीहरुलाई उत्प्रेरण सञ्चार खर्च | ओ.टी.सी | १ | | ५०००० | नेपाल सरकार |
| ८.ग | स्वास्थ्य क्षेत्र | पोषण मैत्री स्वास्थ्य संस्था घोषण | वटा | १ | ५०००० | ५०००० | नेपाल सरकार |
| ८.घ | स्वास्थ्य क्षेत्र | पोषण कार्यक्रमको अनुगमन | पटक | १ | २०००० | २०००० | नेपाल सरकार |
| | | | | | | १२५०००० | नेपाल सरकार |
| | | | | | | १७४२५०० | स्थानीय सरकार |
| | | | जम्मा रु. | | | २१,९२,५००/- | नेपाल सरकार |

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा चालु आ.ब.को लागि सडक बोर्ड नेपालबाट यस नगर पालिकाको लागि प्राप्त रकम रु.४३,००,०००।- र न.पा.को सहभागीता ३० प्रतिशत रकम समेत बाट तपसिलका २ वटा सडकमा आधाआधा रकमबाट स्तरोन्नतीको लागि नियमानुसार निर्माण प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. चटपटे टोल, चौधरी टोल, वरपिपल टोल, पदम राईको घर पूर्व चरण चौक सडक मर्मत ।

२. विरेन्द्र बजार देखि बशिलाघाट सडक मर्मत ।